**अनुसूची-२**

(दफा ४ तथा अनुसूची -१ को भाग-२ सँग सम्बन्धित)

**मोदी गाउँपालिका**

# स्थानीय राजपत्र

**खण्ड-९, संख्या-३, मिति - २०८२/०१/०४**

**भाग-२**

नेपालको संविधान बमोजिम मोदी गाउँ कार्यपालिकाले बनाएको देहाय बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## उत्पादनमा आधारित अनुदान वितरण कार्यविधि, २०८२

**प्रस्तावना**

कृषिमा प्रशस्त सम्भावना बोकेको यस पालिका भित्रका कृषकहरुलाई उत्पादनको आधारमा आर्थिक सहयोग मार्फत कृषिजन्य वस्तुहरुको सहज बजारिकरण गरी आन्तरिक मागको पुर्ति गर्दै,आयत प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन गरी कृषि क्षेत्रमा कृषकहरुलाई आकर्षित गर्दै आत्मनिर्भर बनाउने र सरकारी अनुदानमा वास्तविक कृषकहरुको पहुँचलाई सुनिश्चिता गराउने उद्देश्यले मोदी गाउँपालिकाको आ.व २०८०/०८१ को योजना तथा कार्यक्रम समेतलाई कार्यान्वयन गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम मोदी गा.पाले यो कार्यविधि तयार गरेको छ ।

### परिच्छेद १

प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भः**

क) यस कार्यविधिको नाम"उत्पादनमा आधारित अनुदान वितरण सम्बन्धी कार्यविधि - २०८०" रहेको छ ।

ख)) यो कार्यविधि मोदी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ।

**२.परिभाषाः**विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क)**"गाउँपालिका"**भन्नाले मोदी गाउँपालिकालाई सम्झनु पर्दछ ।

ख)**"अध्यक्ष"**भन्नाले मोदी गाउँपालिकाको गाउँपालिका अध्यक्षलाई सम्झनु पर्दछ ।
ग)**"उपाध्यक्ष"**भन्नाले मोदी गाउँपालिकाको गाउँपालिका उपाध्यक्षलाई सम्झनु पर्दछ ।
घ)**"प्रमुख प्रशासकीय अधिकृत"**भन्नाले मोदी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।
ङ)**"वडा"**भन्नाले मोदी गाउँपालिका भित्रका सवै वडाहरुलाई सम्झनु पर्दछ ।
च)**"सहकारी"**भन्नाले कृषि वस्तु उत्पादनमा संलग्न मोदी गाउँपालिका भित्रका सहकारीलाई जनाउने छ ।यस शब्दले मोदी गाउँपालिकाका कृषकहरुको कृषि वस्तुको उत्पादन खरिद गर्ने आसपासका सहकारीलाई समेत जनाउनेछ ।
छ)**"संकलन केन्द्र**"भन्नाले मोदी गाउँपालिका गाउँपालिकाबासी कृषकले उत्पादन गरेको कृषि उत्पादन खरिद गर्ने गाउँपालिकामा दर्ता भएका सहकारी तथा संकलन केन्द्रलाई सम्झनु पर्दछ ।
ज)**"तरकारी"**भन्नाले फूलगोवी, बन्दागोवी, केराउ, बोडी, सिमि, साग, गोलभेडाँ, आलु, लौका, चिचिण्डा, घिरौला, फर्सी,काका, पिडालु, इस्कुस, तरुल र कुरिलो आदी लगायतका तरकारी रुपमा प्रयोग हुने वस्तुलाई जनाउँछ ।
झ)**"फलफूल"**भन्नाले कागती,सुन्तला,अम्बा,लिची,किवी,केरा लगायत फलफूलको रुपमा प्रयोग हुने वस्तुलाई जनाउछ ।
ञ)**"मसलाजन्य वस्तु"**भन्नाले लसुन,प्याज,धनिया,खुर्सानी,अदुवा,बेसार,अलैची लगायतका मसलाको रुपमा प्रयोग हुने वस्तुलाई जनाउछ ।

### ३.उद्देश्य

**क)** अनुदान वितरण कार्यक्रमलाई व्यवसायमूलक र उत्पादनमूलक बनाउनु ।
ख) कृषि उत्पादनमा आवद्ध कृषकहरुको मनोबल उच्च राखी निजहरुको लगानीलाई सुनिश्चित गर्नु ।
ग) उत्पादित कृषि उपजको बजार सुनिश्चित गर्नु ।
घ) गाउँपालिकालाई कृषि उपजमा आत्मनिर्भर बनाउन प्रयत्न गर्नु।

## परिच्छेद-२
## कार्यक्रम संचालन,व्यवस्थापन तथा अनुगमन

### ४.अनुगमन तथा मूल्याङ्कन समिति

मोदी गाउँपालिकाको कृषि व्यवसाय प्रवर्द्दन ऐन,२०७५ को दफा ६ को उपदफा १ मा उल्लेखित देहायबमोजिमको स्थानिय कृषि व्यवसाय प्रवर्द्दन समितिले मूल्याङ्कन समितिको काम गर्नेछ।

| | |
|---|---|
| क) अध्यक्ष | अध्यक्ष |
| ख) कृषि क्षेत्र हेर्ने कार्यपालिका सदस्य | सदस्य |
| ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| घ) गाँउ पालिकास्तरिय खाद्य सुरक्षा समितिको संयोजक वा प्रमुख | सदस्य |
| ङ) समितिले मनोनयन गरेको विज्ञ सदस्य एक जना | सदस्य |
| च) समितिले मनोनयन गरेको व्यवसायिक कृषकमध्य एक जना | सदस्य |
| छ) गाँउपालिकाको कृषि सेवा केन्द्र शाखा प्रमुख | सदस्य सचिव |

### ४.१ कार्यक्रम व्यवस्थापन तथा अनुगमन समितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) कार्यक्रम संचालनको विधी र रुपरेखा निर्धारण गर्ने ।
ख) कार्यक्रमको अनुगमन र मूल्याङ्कन गर्ने ।
ग) कार्यक्रम मूल्याङ्कनको आधारमा भुक्तानीको लागी सहकारी मार्फत आएका सिफारिसहरु स्विकृत गर्ने ।

**५.प्रस्ताव आव्हान तथा कृषकहरुको सुचिकरणः**

कृषि उपज संकलन तथा विक्री वितरण गर्न चाहने कृषि सहकारी संस्थाहरुलाई र उत्पादनमा आधारित अनुदान कार्यक्रममा समावेश हुन चाहने ईच्छुक कृषकहरुलाई सुचीकृत हुनको लागी १५ दिनको म्याद दिई **अनुसूची-१** र **अनुसूची-२** बमोजिम सार्वजनिक सुचना प्रकाशन गर्नु पर्नेछ।

**६. प्रस्ताव सुचीकृत**

**दफा ५** बमोजिम उल्लेखित म्याद भित्र ईच्छुक (कृषि सहकारी संस्थाहरुले **अनुसूची-३** बमोजिम र कृषकहरुले **अनुसूची-६** र **अनुसूची-७** बमोजिम) कृषि शाखामा सुचीकृत हुनु पर्नेछ।

**७.प्रस्ताव संकलनः**

आवेदन संकलन गर्ने समय अवधी समाप्त भएपछि सुचीकृत भएका प्रस्तावहरु कृषि शाखाले रुजु गरी मूल्याङ्कन समिति समक्ष पेश गर्नु पर्नेछ।

**८.प्रस्तावको मूल्याङ्कन**

दफा ४ बमोजिमको मूल्याङ्कन समितिले कृषि सहकारी संस्थाहरुको हकमा **अनुसूची-**४ बमोजिम मूल्याङ्कन फाराम अनुसार प्रस्तावहरु मूल्याङ्कन गरी आवेदक संस्थाहरुले प्राप्त गरेको प्राप्ताङ्कलाई आधार बनाई छनौट गर्न सक्नेछ।

**९.गाँउपालिका र कृषि सहकारी बिच सम्झौता**

९.१ तोकिएको समय भित्र सम्झौता गर्न आउने कृषि सहकारी संस्थासग **अनुसूची- ५** बमोजिम सम्झौता गर्नुपर्नेछ।

९.२ समय भित्र सम्झौता गर्न नआउने कृषि सहकारी संस्थाको स्वतःछनौट रद्द भएको मानी दोश्रो प्राथामिक प्राप्त कृषि सहकारी संस्थालाई छनौट गर्न बाधा पुगेको मानिने छैन।

९.३ प्रस्ताव आव्हान गर्दा एक मात्र प्रस्ताव परी वा आवश्यक संख्यामा प्रस्ताव नपरी वा सम्झौता गर्न नआएको र दोस्रो प्राथामिकता प्राप्त साझेदारको संख्या समेत नरहेको अवस्था पर्न आए गाउँपालिकाले पुन प्रस्ताव आव्हान गर्न सक्नेछ।

९.४ सम्बन्धित सहकारीले प्राप्त अनुदान रकम सम्बन्धित कृषकलाई नदिई दुरुपयोग गरेको पाइएमा गाउँपालिकाबाट प्राप्त अनुदान रकम प्रचलित कानुनबमोजिम सरकारि बाँकि सरह सहित असुल उपर गरिनेछ र उक्त सहकारीलाई २ वर्ष सम्म मोदी गाउँपालिकाबाट संचालन हुने अनुदानको कार्यक्रममा समावेश गरिने छैन

**परिच्छेद-३**

**१०.अनुदान उपलब्ध गराउन सक्ने कृषि तथा पशुजन्य वस्तुहरु**

.गाउँपालिकाले आफ्नो स्वीकृत बजेटको परिधि भित्ररही कृषिजन्य वस्तु अर्न्तगत तरकारी, फलफूल, मह तथा मसलाजन्य वस्तुमा अनुदान उपलब्ध गराउनेछ।

**११.अनुदान उपलब्ध गराउने विधी**

अनुदान प्रवाह सहज,पारदर्शी,मर्यादित र न्यायोचित बनाउनका लागि कृषक र सहकारी संस्थाको देहाय बमोजिमको भुमिका हुनेछः

**१२ कृषकको भुमिका**

क)उत्पादनमा आधारित अनुदान कार्यक्रममा सहभागी हुन र अनुदान रकम प्राप्त गर्नका लागि कृषकले आफ्नो उत्पादन पालिकाले तोकेको कृषि सहकारी मार्फत विक्रीवितरण गरेको हुनुपर्छ।

ख)कृषि उत्पादन र बिक्रीको दैनिक लेखाजोखा कृषक स्वयंले समेत राख्नुपर्दछ।

**कृषि सहकारी तथा पालिकाको भुमिका**

क) सहकारीले कृषकहरुद्वारा संकलित उत्पादनको अभिलेखिकरण **अनुसूची - ८** बमोजिम स्पष्ट राखेको हुनुपर्नेछ।

ख) सहकारीले राखेको अभिलेख अनुसार कृषकको विक्रीको परिमाण र रकम सिफारिस गरी मोदी गाउँपालिकामा पठाउनु पर्नेछ।

ग) सहकारीको सिफारिसको आधारमा अनुगमन तथा मूल्याङ्कन समितीले आवश्यक अनुगमन गरी गाउँपालिकाबाट अनुदान रकम उपलब्ध गराउनेछ।

घ) गाउँपालिकाले अनुदान रकम सम्बन्धित सहकारीको खातामा पठाउनु पर्नेछ । सूचीकृत भई सहकारी मार्फत उत्पादन विक्री गर्ने कृषकको खातामा रकम जम्मा गरेको विवरण/भर्पाई सहकारीले पालिकामा पेश गर्नुपर्नेछ।

ङ)गाउँपालिकाले सहकारीको अभिलेखको समय समयमा अनुगमन निरीक्षण गर्नुपर्नेछ र झुट्टा विवरण राख्ने र पेश गर्ने सहकारी संस्थालाई प्रचलित कानुन बमोजिम कारवाही गरिनेछ र त्यस्ता सहकारी मार्फत अनुदान वितरण गरिने छैन।

च)स्थानिय स्तरमा उत्पादीत कृषि उपजहरुलाई प्राथमिकतामा राखि बिक्री वितरण गर्नुपर्नेछ ।

## परिच्छेद-४
## आर्थिक पक्ष

**१२.उपलब्ध गराउने अनुदान रकम**

**१२.१कृषकहरुलाई बिक्रीको आधारमा सहकारीहरु मार्फत देहाय बमोजिमको रकम उपलब्ध गराईनेछ** ।

क) (फलफूल/ मसलाजन्य बाली / मह) को हकमा जम्मा न्यूनतम समर्थन मूल्यको ५% रकम अनुदान दिईनेछ।

ख) (मौषमी तथा बेमौषमी तरकारी) को हकमा जम्मा न्यूनतम समर्थन मूल्यको १०% रकम अनुदान दिईनेछ।

**१२.२ कृषिजन्य वस्तुको खरिद तथा विक्री मूल्य**

क) सहकारीहरुले आफ्ना सबै सदस्यहरुको सहभागितामा कृषिजन्य वस्तुहरुको खरिद तथा विक्री मूल्य निर्धारण गर्न सक्नेछ।

ख गाँउपालिकाले कृषि उपजको लाभ लागत विश्लेषण र सम्बन्धित बालिको बजार मूल्य विश्लेषण गरि न्युनतम समर्थन मूल्य तोक्न गर्न सक्नेछ ।

ग) प्रत्येक किसान उत्पादन प्रणाली, मूल्य निर्धारण तथा बजारीकरणमा सहभागि हुन पाउनेछ ।

घ) कृषिजन्य वस्तुको मूल्य निर्धारण गर्दा उत्पादित वस्तुको प्रकृति हेरी बार्षिक,चौमासिक,मासिक वा दैनिक रुपमा मूल्य निर्धाण गर्न सक्नेछ।

ङ) कृषकहरुको सहभागितामा सहकारीले निर्धारण गरेको मूल्य सुचि सहकारीले सबैले देख्ने गरी संकलन केन्द्रमा टाँस गर्नु पर्नेछ।

च) खरिद र बिक्री प्रक्रियामा मूल्य निर्धारण गर्दा खरिद र विक्री मूल्य बिचको अन्तर कम हुनु पर्नेछ र मूल्य निर्धारण गर्दा भण्डारण अवधिमा हुन सक्ने नोक्सानीलाई समेत ध्यान दिनु पर्नेछ।

छ) खरिद र विक्री मूल्य बिचको अन्तरबाट हुने आम्दानी सम्बन्धित सहकारीको हुनेछ र उक्त रकम सहकारीले

## परिच्छेद ५

**१३ न्यूनतम समर्थन मूल्य निर्धारण सम्बन्धमा**

क) गाँउपालिकाले सम्बन्धित कृषि उपजको न्यूनतम समर्थन मूल्य तोक्न सक्नेछ ।

ख) गाँउपालिका भित्रको सम्पूर्ण वडाहरुमा संकलन र विक्री मूल्यमा समानता कायम गर्न अनुदान वितरण व्यवस्थापन समिति रहनेछ।

ग) अनुदान वितरण व्यवस्थापन समिति, सहकारी संस्था व्यवस्थापक, बजार प्रतिनिधि र अगुवा कृषकको छलफलबाट अनुमोदन हुने गरि कृषि उपजको न्यूनतम समर्थन मूल्य गाँउपालिकाले तोक्नेछ ।

## परिच्छेद ६

**१४ कृषि उपज जोखिम (ह्रास कट्टी) व्यवस्थापन कोषको स्थापनाः**

१४ १ उत्पादन स्थलबाट कृषि उपज संकलन तथा बिक्री स्थल सम्म ढुवानी गर्दा हुन सक्ने ह्रास तथा जोखिम न्यूनीकरण व्यवस्थापन सम्बन्धमा गाँउपालिका र कृषि सहकारी संस्थाको बिचमा सम्झौता साझेदारीमा गर्नका लागि आवश्यक श्रोत संकलन र परिचालन गर्न एक जोखिम व्यवस्थापन कोष रहनेछ।

**१४ २ कोषमा देहायबमोजिमको रकमहरु समावेश हुनेछन ।**

क) गाँउपालिकाले उत्पादनमा आधारित अनुदान वितरण कार्यक्रमको लागि विनियोजन गरेको रकम ।

ख) संघीय तथा प्रदेश सरकार बाट प्राप्त रकम ।

ग) साझेदार संस्थाले आर्जन गरेको नाफाबाट छुट्टाएको रकम ।

घ) उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रमको कुल विनियोजित रकमबाट कृषि उपज जोखिम (ह्रास कट्टी) व्यवस्थापन कोषमा कारोबार रकमको ५ प्रतिशत रकम जम्मा गर्नुपर्नेछ ।

ङ) कोष स्थापनाको लागि गाँउपालिकाको ८० प्रतिशत र साझेदार संस्थाको २० प्रतिशत साझेदारी रहनेछ र साझेदार संस्थाको हिस्सा प्रतिशत १० प्रतिशतको दरले वृद्धी गर्दै ५ वर्षभित्र ५० प्रतिशत साझेदारी गर्नुपर्नेछ।

च) जोखिम व्यवस्थापन कार्यका लागि कोषमा जम्मा हुने गरि अन्य निकायबाट प्राप्त रकम ।

**१४ ३ कोषको आय रकम संकलन तथा व्यय रकम परिचालनका लागी गाँउपालिकाको संचित कोष रहेको वित्तिय संस्थामा छुट्टै खातामा खोलिनेछ ।**

**१४ ४ यस कोषको नाममा प्राप्त हुन आउने वस्तुगत सामाग्रिको छुट्टै मौज्दात किताव स्थापना गरि अभिलेख गरिनेछ ।**

**१५ कोषको प्रयोगः**

क) तत्काल ह्रासकट्टी गर्नुपर्ने अवस्था रहेको तर समितिको बैठक बस्ने अवस्था नरहेमा तत्पश्चात लगत्तै बस्ने समितिको बैठकबाट अनुमोदन गराउने गरी संयोजकको निर्णयबाट एक पटकमा बढीमा रु ५००० खर्च गर्न बाधा पर्ने छैन ।

ख) उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रममा साझेदार निकायको रुपमा रहेको संस्थाको बजारीकरणका लागि ।

ग) कृषि उपजको ढुवानी गर्न कृषि उपज ढुवानीमा प्रयोग हुने सवारीसाधनमा हुने इन्धन खर्च ।

घ) कृषि उपजको बजारीकरणको बखत भएको ह्रासको व्यवस्थापन गर्न ।

ङ) कृषि उपजको उत्पादन स्थल देखी बजारसम्म ढुवानी कार्यमा लाग्ने खर्चको व्यवस्थापन गर्न ।

च) सहकारी वा संकलन केन्द्रमा जम्मा भएका पूर्ण रुपमा खेर जाने बस्तुको व्यवस्थापन गर्न ।

छ) कृषि बस्तुलाई एक संकलन केन्द्र देखि अर्को संकलन केन्द्र वा अर्को बजारसम्म पूर्याउनका लागि ढुवानीमा लाग्ने खर्चको व्यवस्थापन गर्न ।

ज) बस्तु बजारीकरण सम्बन्धमा श्रम जनशक्तीको व्यवस्थापन गर्न ।

झ) कृषि उपज संकलन केन्द्रको परिचालन तथा आवश्यक सामाग्री खरिद तथा भण्डारण गर्न ।

ञ बजारीकरणका लागी तत्काल सञ्चार तथा सूचना व्यवस्थापन गर्न ।

माथि जुनसुकै कुरा उल्लेख भएतापनि नियमित रुपमा गरिने क्रियाकलापलाई ह्रासकट्टी सँग आवद्धध गराएर कोषबाट हुने कुनै पनि किसिमको खर्च गर्न पाईने छैन ।

**१६। कृषि उपज जोखिम (ह्रास कट्टी) व्यवस्थापन कोषको परिचालन सम्बन्धी व्यवस्था**

क) कोषबाट रकम उपलब्ध गराउनुपुर्व सहकारी संस्थाले नोक्सानी सहित गाँउपालिका कृषि विकास शाखामा ह्रासकट्टी वा क्षति पुगेको मनासिव कारण खुल्ने निवेदन दिनुपर्नेछ ।

ख) निवेदन दर्ता गर्दा सहकारीको निर्णय र विवरण सहित संकलन गरिएको हुनुपर्नेछ ।

**१७। कोष प्रयोग गर्न नपाइनेः**

क) संस्थाको नियमित प्रशासनीक कार्यको लागी खर्च गर्न।

ख) कुनै पनि किसिमको गोष्ठी अन्तर्क्रिया वा सभासम्मेलन संचालन गर्न।

ग) जोखिम व्यवस्थापन सँग प्रत्यक्ष रुपमा सम्बन्ध नभएको अन्य कुनै कार्य गर्न वा गराउन ।

घ) कार्यक्रममा सूचीकृत भएका कृषकको बालिमा प्राकृतिक प्रकोप वा जलवायू परिवर्तन तथा प्रभावको कारण क्षति भएमा क्षति वापतको रकम परिचालन गर्न ।

**१८। कोषको संचालन लेखा तथा लेखा परिक्षणः**

**१८ १** कोषको बैंक खाता संचालन गाँउपालिकाको लेखा अधिकृत तथा सहकारी संस्थाको कोषाध्यक्षको संयुक्त दस्खतबाट हुनेछ ।

१८ २ कोषबाट हुने खर्च रकम अनिवार्य रुपमा बैंक मार्फत मात्र भुक्तानी गरिनेछ ।

**१९। अनुदान व्यवस्थापन समितिको व्यवस्थाः**

१९ १ **उत्पादनमा आधारित अनुदान** वितरण सम्बन्धी कार्यविधिको संचालन व्यवस्थापन तथा कार्यान्वयन गर्नका लागि एक अनुदान व्यवस्थापन समितिको व्यवस्था रहनेछ ।

| | | |
|---|---|---|
| क) | गाँउपालिका अध्यक्ष | संयोजक |
| ख) | गाँउपालिका उपाध्यक्ष | सदस्य |
| ग) | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| घ) | आर्थिक विकास समिति संयोजक | सदस्य |
| ङ) | आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| च) | सामाजिक विकास शाखा प्रमुख | सदस्य |
| छ) | कृषि विकास शाखा प्रमुख | सदस्य सचिव |

**२० समितिको काम कर्तव्य र अधिकारः**

क) अनुदान वितरणलाई व्यवस्थित गर्न  आवश्यक मापदण्ड तयार गर्ने ।

ख) आवश्यकता बमोजिम अनुदानको परिमाण र दर संसोधन गर्ने गराउने ।

## परिच्छेद ७

**२१. मापदण्डका आधारहरुः**

**२१.१ उत्पादनमा आधारित अनुदान कार्यक्रममा सहभागिताको लागी प्रत्येक कृषकले देहाय अनुसारको मापदण्ड पुरा गरेको हुनुपर्छ ।**

क)ताजा तरकारी उत्पादन चौमासिक न्यूनतम ४०० के.जी वा सो भन्दा बढी।

ख)महको हकमा उत्पादन वार्षिक १०० के.जी वा सो भन्दा बढी

ग)फलफूल (सुन्तलाको हकमा) उत्पादन वार्षिक न्यूनतम १००० के.जी  र अन्य फलफूल र मसला बालीको हकमा उत्पादन वार्षिक न्यूनतम ५०० के.जी/ दर्जन  वा सो भन्दा बढी।

घ)वडा कार्यालयको सिफारिस।

**२१.२ उत्पादनमा आधारित अनुदान रकम दफा १३ को उपदफा १ बमोजिम मापदण्ड पूरा गरेका कृषकहरुले प्राप्त गर्नेछन तर मापदण्ड पूरा नगरेका कृषकको हकमा अनुदान दिने व्यवस्था नभएतापनि निजको उत्पादन छनौट भएका कृषि सहकारी ले विक्री गरी वितरण गर्न सक्नेछन।**

**२१.३ विक्रेता सहकारी संस्थाले  यस कार्यविधि अनुसार कार्यक्रम संचालन गर्न देहाय बमोजिमको मापदण्ड पुरा गरेको हुनुपर्नेछ।**

क)नियमित रुपमा वार्षिक साधारण सभा र लेखा परिक्षण गर्ने गरेको हुनु पर्नेछ।

ख)कर चुक्ता गरेको हुनु पर्नेछ।

ग)स्थायी लेखा नम्बर प्राप्त गरेको हुनु पर्नेछ।

घ)विगतका वर्षहरुमा कुनै किसिमको कार्वाहीमा नपरेको स्वघोषणा गर्नु पर्नेछ।

ङ)सहकारी संस्थाहरुले संस्थागत रुपमा कृषिजन्य वस्तु खरिद र बिक्री गरेको प्रमाण पेश गर्नु पर्नेछ।

## परिच्छेद ८
## विविध

**२२.अनुदान रकम निकास** :

उत्पादनमा आधारित अनुदान उपलब्ध गराउँदा गाउँपालिकाबाट चौमासिक वा अर्धबार्षिक वा बार्षिक रुपमा उपलब्ध गराउन सकिनेछ ।

**२३ अन्य क्षेत्र अनुदान**

उत्पादनमा आधारित अनुदान बाहेक गाउँसभाबाट स्वीकृत अन्य अनुदान मूलक कार्यक्रम संचालन गर्न यो कार्यविधिले बाधा  पुर्याएको मानिने छैन ।

**२४.बाधा अड्काउ फुकाउनेः**

यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्काउ परे गाउँ कार्यपालिकाले निर्णय गरी फुकाउन सक्नेछ ।

**२५ परिमार्जन तथा संशोधन :**

कार्यविधिलाई आवश्यकता अनुसार गाउँकार्यापालिकाले परिमार्जन तथा संशोधन गर्न सक्नेछ ।

## अनुसूची-१

**कृषि सहकारी संस्थाहरुका लागी प्रस्ताव आव्हान**को **ढाँचा**
**प्रथम पटक प्रकाशित मितिः**

मोदी गाउँपालिकाको आ.व २०८०/०८१ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार उत्पादनमा आधारित अनुदान वितरण कार्यकममा **उत्पादनमा आधारित अनुदान वितरण सम्बन्धी कार्यविधि - २०८०** को दफा १३ को उपदफा ३ बमोजिम मापदण्ड पुरा गरेका इच्छुक कृषि सहकारी संस्थाहरुले सूचना प्रकाशन भएको मितिले **१५** दिनभित्र निम्नानुसार कागजात सहित आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

तपशिल
१.निवेदन
२.सम्बन्धित वडाको सिफारिस
३.सहकारी दर्ता प्रमाणपत्र प्रतिलिपी
४.कर चुक्ता प्रमाणपत्र प्रतिलिपी
५.सहकारी संस्थाको निर्णयको प्रतिलिपी
६.कुनै प्रकारको कावार्हीमा नपरेको बारेको स्व:घोषणा (संलग्न गर्नुपर्ने)

अनुसूची-२

## <u>कृषिजन्य तरकारी उत्पादक कृषकहरु सुचिकृत हुन सूचनाको ढाँचा</u>

मोदी गाउँपालिकाको आ.व २०८०/०८१ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार उत्पादनमा आधारित अनुदान वितरण कार्यक्रममा **उत्पादनमा आधारित अनुदान वितरण सम्बन्धी कार्यविधि - २०८०** को दफा १३ को उपदफा १ बमोजिम मापदण्ड पुरा गरेका कृषकहरुले उत्पादनमा आधारित अनुदान प्राप्त गर्नका लागी सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र निम्नानुसार कागजात सहित सुचिकृत हुन यो सूचना प्रकाशन गरिएको छ।

तपशिल

१.निवेदन
२.वडा कार्यालयको सिफारिस
३.नागरिकताको प्रतिलिपी
४.कृषि फर्म (नियमानुसार दर्ता भएको प्रमाण पत्र/गत आ.व को कर चुक्ता प्रमाण पत्र/स्थायी लेखा नम्बर) को प्रतिलिपि/(दर्ता भएको ह

## अनुसूची - ३

मिति

मोदी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
देउपुर,पातिचौर पर्वत।

विषयः उत्पादनमा आधारित अनुदान कार्यक्रममा सहभागी हुन पाउँ भन्ने बारे ।

प्रस्तुत विषयका सम्बन्धमा मिति……………………मा प्रकाशित सूचना अनुसार ........................................................................................................................ उत्पादनमा आधारित अनुदान कार्यक्रममासहभागी हुने चाहाना भएकोले सो प्रयोजनका लागी तपशिल अनुसारको विवरण र अन्य आवश्यक कागजात समेत संलग्न गरी आवेदन पेश गरेका छौ ।

तपशिल

१.कुल सदस्य संख्याः
२.कुल सदस्य मध्ये कृषिजन्य वस्तु उतपादन संख्याः
३.गत वर्ष कूल कृषिजन्य वस्तु उत्पादन के.जी(दैनिक……के.जी,मासिक………के.जी,बार्षिक………के.जी)
४.गत वर्ष कारोवार गरेको दिनःअंकमा………………अक्षरमा……………………………
५.गत वर्ष अधिकतम कृषिजन्य वस्तु संकलन …………महिना…………..के.जी
६.गत वर्ष कूल न्युनतम कृषिजन्य वस्तु संकलन …………महिना…………..के.जी
७.संस्थाबाट संकलित कृषिजन्य वस्तु विक्री गरिने संस्था/ संस्थान/ आयोजना आदीको नाम र ठेगाना
क) ख) ग) घ)
८.वार्षिक साधारण सभा भएको गत बर्षको प्रमाण ( प्रतिलिपी संलग्न गर्नु पर्ने) ।
९.जम्मा संकलन केन्द्र संख्याः

| त्र.स | संकलन केन्द्रको नाम र ठेगाना | बर्षिक कृषिजन्य वस्तु संकलन परिमाण(के.जी) |
|---|---|---|
| १ | | |
| २ | | |
| जम्मा | | |

१०.रेकर्ड राख्न कम्प्युटरको प्रयोग भएको/नभएको
११.विक्री गर्ने,बजार/स्थल भएको/नभएको
आवेदक
पदाधिकारीको नामथरः
पदः दस्तखत सम्पर्क नम्बरः सहकारी संस्थाको नाम र ठेगानाः
सहकारी संस्था छाँपः

अनुसूची - ४

(दफा ८ सँग सम्बन्धित)

<u>कार्यक्रम संचालनका लागि संस्थाको छनौट गर्दा अपनाईने मूल्यांकनका आधारहरु</u>

| क्र.सं. | द.नं. | आवेदक संस्थाको नाम | ठेगाना | स्रोत साधन(यातयात,संकलन र भण्डारण स्थल) र जनशक्ति (२०) | कारोवार प्रणाली (म्यानुअल/डिजिटल (१५) | बजारीकरण योजना (२०) | कृषिजन्य उत्पादक कृषक सदस्य संख्या (२०) | कृषिजन्य उत्पादनको बिक्री वितरण तथा वजारीकरण कारोबारको नियमितता (२५) | कुल प्रासांक (१००) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

अनुसूची - ५

## मोदी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय र विक्रेता कृषि सहकारी संस्था बिच हुने सम्झौताको ढाँचा

### मोदी गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
### पातिचौर,पर्वत
### उत्पादनमा आधारित अनुदान कार्यक्रम कार्यन्वयन सम्झौता पत्र।

मोदी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय,पातिचौर पर्वत जसलाई (यस पछि प्रथम पक्ष मानिने छ ) र विक्रेता छनौट भएको (यसपछि दोस्रो पक्ष मानिने छ )का बिचमा उत्पादनमा आधारित अनुदान कार्यक्रम संचालन गर्नको लागि तपशिलका शर्तहरु पालना गर्ने गराउने गरी यो द्विपक्षीय सम्झौता पत्रमा हस्ताक्षर गरी लियौं/दियौं ।

**तपशिल**

१. यो सम्झौता भएको मिति बाट प्रारम्भ हुनेछ।

२. दोस्रो पक्षले राखेको फलफूल के.जी मा,तरकारी र मसलाजन्य वस्तु के.जी मा र मह के.जी मा ) अभिलेख अनुसार कृषकको विक्रीको परिमाण र रकम सिफारिस अनुसार प्रथम पक्षले दोस्रो पक्षको खातामा अनुदान रकम पठाउनेछ । सूचीकृत भई दोस्रो पक्ष मार्फत उत्पादन विक्री गर्ने कृषकको खातामा रकम जम्मा गरेको विवरण/भर्पाई दोस्रो पक्ष ले प्रथम पक्षलाई पेश गर्नुपर्नेछ।
तपशिल अनुसारको अनुदान रकम प्रथम पक्षले दोस्रो पक्ष को बैंक खातामा जम्मा गरी दिनेछ ।
 क)(फलफूल/मसलाजन्य बाली /मह) को हकमा जम्मा विक्री मूल्यको ५% अनुदान रकम।
 ख)(मौषमी तथा बेमौषमी तरकारी) को हकमा जम्मा विक्री मूल्यको १०% अनुदान रकम।

३.दोस्रो पक्षले उत्पादन स्थल देखी आफुले विक्री स्थान सम्म सफा,स्वस्थ्य र गुणस्तरयुक्त तरकारी/फलफूल/महको कारोबारको पुर्ण व्यवस्था गर्नुपर्नेछ ।

४.दोस्रो पक्षले आफुसँग आवद्ध भएका कृषकहरुलाई मापदण्डको आधारमा मापदण्ड पुरा गरेको कृषकहरुलाई मात्र अनुदान रकमको लागी सिफारिस गर्नुपर्नेछ । कृषि उपजको बजारीकरण भने सूचिकृत नभएका कृषक को पनि गर्नुपर्नेछ।

५. दोस्रो पक्षले सूचिकृत भएका कृषकहरुको कृषि उपजको विक्रीको कारोबार प्रथम पक्षबाट प्राप्त ढाँचामा अभिलेखीकरण गर्नुपर्नेछ।

६ दोस्रो पक्षले कृषि उपशाखाको समन्वयमा कृषि उपज उत्पादनको क्षमता अनुसार हप्ताको एक दिन प्रत्येक वडामा पुग्ने गरी ढुवानीको व्यवस्था गर्नुपर्नेछ।

७. दोस्रो पक्षले अनुदान रकम भुक्तानीको लागी चालु आ.व अषाढ महिनाको दोस्रो हप्ता भित्रमा कृषि उपशाखामा आवश्यक कागजात पेश गर्नुपर्नेछ।

८.कार्यक्रम कार्यन्वयन को क्रममा केही व्यवधान आइपरेको खण्डमा दोस्रो पक्षले लिखित रुपमा समस्याहरु कृषि व्यवसाय प्रवर्द्धन समिति समक्ष पेश गर्नुपर्नेछ र पेश भई आएका समस्या हरु उक्त समितिले प्रथम पक्षलाई पेश गर्नेछ र उचित लागेका समस्याहरुको वाधा अड्काउ फुकाउने जिम्मेवारी प्रथम पक्षको रहनेछ।

९. यस सम्झौतामा उल्लेख भएका सर्तहरु यसै बमोजिम र यसमा उल्लेखित नभएका नियमहरु प्रचलित नेपाल सरकारको कानुन बमोजिम लागू हुनेछ ।

१०.अनुदान ग्राहीले अनुदान प्राप्त गरिसकेपछि व्यवसायिक निरन्तरताको प्रत्याभुति प्रथम पक्षलाई गराउनु पर्नेछ।

| **प्रथम पक्ष** | **दोस्रो पक्ष** |
|---|---|
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| पदः | पदः |
| कार्यालयको छाँप | सम्पर्क नम्वर : |
| मिति | |

अनुसूची-६

<u>कृषि उपज उत्पादक कृषकहरुले गाउँपालिका कार्यालयमा दिने आवेदन पत्रको ढाँचा</u>

मितिः

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू
मोदी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
देउपुर,पातिचौर ।

बिषयः उत्पादनमा आधारित अनुदान कार्यक्रममा सहभागी हुन पाउँ भन्ने बारे ।

महोदय,

प्रस्तुत विषयका सम्बन्धमा मिति......................मा प्रकाशित सूचना अनुसार म/हामी श्री ...........................................लाई तरकारी/फलफूल/मह उत्पादनमा आधारित अनुदान कार्यक्रममा समावेश हुने चाहना भएकाले सो प्रयोजनका लागी तपशिल अनुसारको विवरण भरी निवेदन पेश गरेको छु /गरेका छौ ।

तपशिल
१ वडा कार्यालयको सिफारिस
२.नागरिकताको प्रतिलिपी
३.फर्म/समुह दर्ता प्रमाणपत्र प्रतिलिपी(दर्ता भएको हकमा)
४ निवेदन

.
निवेदक
नामथरः
ठेगानाः
सम्पर्क नम्वरः
हस्ताक्षरः
छाँप
खाता नं

# अनुसूची-७

## उत्पादनमा आधारित अनुदान उपलब्ध गराउने कार्यक्रममा सहभागी हुने कृषकको विवरण को ढाँचा :

१. कृषकको नामथर :

२. ठेगाना :

३. लगाएका फलफूल :

४ लगाएका फलफूलको क्षेत्रफल (रो) :

५ लगाएका तरकारी :

६ लगाएका तरकारीको क्षेत्रफल (रो) :

७ तरकारी खेतीको लागी संरक्षित संरचना छन भने संख्या खुलाउने :

८ःमौरी घार संख्या :

९ यस वर्षको हालसम्मको उत्पादन परिमाण :

| मह उत्पादन के.जी | बिक्री परिमाण (के.जी ) | हुर्काएका फलफूलका संख्या | उत्पादन गरिएको ताजा तरकारीको परिमाण (के.जी) | बजारीकरण गरिएको ताजा तरकारीको परिमाण (के.जी) |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

१०. गत वर्षको अधिकतम उत्पादन महिना र परिमाण

११. गत वर्षको न्युनतम उत्पादन महिना र परिमाण

. १२ बिक्री/उत्पादन अभिलेखको अवस्थाः भएको/नभएको

१३. बजारसँग खरिद बिक्री सम्झौताको अवस्थाः भएको/नभएको

**अनुसूची-८**

**<u>सहकारीले कृषकहरुद्वारा संकलित उत्पादनको अभिलेखिकरण राख्ने ढाँचा (क)</u>**

सहकारीको नामः

वडा नः.........................................

| बालीको किसिम | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| तरकारी बाली | | | | | | | | | फलफूल बाली | | | | | | |
| क्र.स | मिति | कृषकको नाम | ठेगाना | तरकारी बाली (के.जी) (क) | दर प्रति के.जी (ख) | जम्मा बिक्री मूल्य रु (ग)=क*ख | गाउँपालिका बाट पाउने बिक्रि मूल्यको १०% अनुदान रु(घ)=०.१*(ग) | कृषकले पाउने रकम रु (ङ)=(ग)+(घ) | फलफूल, मसला र मह जन्य बाली (के.जी) (च) | दर प्रति के.जी (छ) | जम्मा बिक्री मूल्य रु (ज)=च*छ | गाउँपालिका बाट पाउने बिक्रि मूल्यको ५% अनुदान रु(झ)=०.०५*(ज) | कृषकले पाउने रकम रु (ञ)=(ज)+(झ) | सम्पर्क नं. | बुझिलिनेको हस्ताक्षर |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |

## सहकारीले कृषकहरुद्वारा संकलित उत्पादनको अभिलेखिकरण राख्रे ढाँचा (ख)

## कृषकले गरेको खेति तथा उत्पादनको विवरणः

| सि.न | कृषकको नाम | ठेगाना | बालि/बस्तुको नाम | खेति गरेको क्षेत्रफल | बोट/विरुवा संख्या | उत्पादन गरिएको परिमाण/ बिक्री भएको कृषि उपजको परिमाण (के जी) | कैफीयत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

आज्ञाले,

बाबुराम पुरी

प्रमुख प्रशासकीय अधिकृत